कम्पनी दर्ता नं. ९८०९२/०६५/०६६

समीट लघुवित्त वित्तीय संस्था लि.
Summit Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Tel: 977-065-540633
Tel: 977-065-540706
E-mail: banksummit@yahoo.com
Website: www.summitbank.com.np

च.नं. १७७५/२०७९/८० मिति : २०८०/०२/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यु.एन.आई. मार्ग भद्रकाली, काठमाण्डौ

**विषय: वार्षिक साधारण सभा सम्पन्न गर्ने तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महाशय,

प्रस्तुत विषयमा यस समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०२/१३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको चौधौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८०/०३/०३ गते, आइतबार (१८ जुन, २०२३)
समय : बिहान १०:३० बजे ।
स्थान : अरनिको पार्टी प्यालेस, बनेपा, काभ्रेपलाञ्चोक

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु**

**क. साधारण प्रस्तावहरु :**

१. अध्यक्षज्यूको मन्तव्यसहितको आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको २०७९ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण एवम् लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको २०७९ आषाढ मसान्तसम्मको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वोनस शेयरको कर प्रयोजनका लागि रु. ३५,२६,३१५।७९ (अक्षरेपी पैतिस लाख छब्बिस हजार तीन सय पन्ध्र रुपैयाँ उनासी पैसा मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/७९ को मूनाफा र गत वर्षसम्मको संचित मूनाफा रकमसमेतबाट संस्थाको चुक्ता पूँजी रु. ४९,४०,००,०००।०० (अक्षरेपी उनन्चास करोड चालिस लाख रुपैया मात्र) को १३.५६२७५३ प्रतिशतले हुन आउने रकम रु. ६,७०,००,०००।०० (अक्षरेपी छ करोड सत्तरी लाख मात्र) वोनस शेयर पारित गर्ने र वोनस शेयर जारी गर्दा संस्थाको जारी पूँजी र चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही बमोजिम संस्थाको प्रवन्धपत्रको दफा ६ (ख) र ६ (ग) संशोधन गरी पूँजी बृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयको ठेगाना वनेपा नगरपालिका वर्डा नं. १०, काभ्रेपलाञ्चोक उल्लेख गरी प्रबन्धपत्रको दफा २ (१) र नियमावलीको नियम २ (१) मा संशोधन गर्ने सम्बन्धमा ।

३. समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक र सर्वसाधारणको शेयर पूँजीको अनुपात ७० प्रतिशत र ३० प्रतिशत कायम गर्न नेपाल राष्ट्र बैंकबाट समेत निर्देशन भएको हुँदा आर्थिक

समीट लघुवित्त वित्तीय संस्था लि.
Summit Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
Tel: 977-065-540633
Tel: 977-065-540706
E-mail: banksummit@yahoo.com
Website: www.summitbank.com.np

वर्ष २०७८/७९ को वोनस शेयर वितरण पश्चात् कायम हुने संस्थापक र सर्वसाधारणको शेयर पूँजीको अनुपात मिलान गर्दा नपुग भएको सर्वसाधारण तर्फको ८,५३,६६५ (आठ लाख त्रिपन्न हजार छ सय पैसट्ठी) कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

४. संस्थाको अधिकृत पूँजी बृद्धि गरी रु. ६५,००,००,०००।०० ( पैसट्ठी करोड) पुऱ्याउने र सोही बमोजिम संस्थाको प्रवन्धपत्रमा शंसोधन गर्ने प्रस्ताव पारित गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावलीको विभिन्न दफा तथा नियमहरुमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक थपघट, परिमार्जन तथा संशोधन गर्नका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. समीट लघुवित्त वित्तीय संस्था लिमिटेड र नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गरिएको समझदारीपत्र (Memorandom of Understanding), सहमतिपत्र, संयुक्त मर्जर समिति गठन एवं सञ्चालक समितिले संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न दिएको अख्तियारी प्रत्यायोजन, संयुक्त मर्जर समितिबाट भएका निर्णयहरु, खर्चहरु र सञ्चालक समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

७. समीट लघुवित्त वित्तीय संस्था लिमिटेड र नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) प्रयोजनका लागि दुवै वित्तीय संस्थाको चल अचल सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त मर्जर समितिबाट मूल्यांकनकर्ता एस. ए. आर. एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

८. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) का लागि दुवै वित्तीय संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit) प्रतिवेदन तथा अन्य सम्बद्ध व्यवस्था समेतको आधारमा संयुक्त मर्जर समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको ०.७३ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:०.७३ ( एक कित्ता बराबर शून्य दशमलव सात तीन कित्ता) कायम गरी नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मर्जरका लागि स्वीकृति प्रदान गर्ने ।

९. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड, धादिङसँग समीट लघुवित्त वित्तीय संस्था लिमिटेड वनेपा १०, काभ्रेपलाञ्चोक गाभिने प्रस्ताव स्वीकृति गर्ने सम्बन्धमा ।

१०. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) प्रयोजनका लागि तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायत मर्जर सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

११. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक तोक्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने र साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै बाँकी भएता पनि गाभ्ने/ गाभिने (मर्जर) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुवै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात् विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

समीट लघुवित्त वित्तीय संस्था लि. स्था: २०६६ SLBS

१२. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय रहेको स्थान वनेपा नगरपालिका वडा नं. १०, काभ्रेपलाञ्चोकमा रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने र नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड वनेपा १०, काभ्रेपलाञ्चोकको नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने ।

१३. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने वा पूँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन भएमा प्राप्त निर्देशन बमोजिम संशोधन तथा परिमार्जनका कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अधिकार प्रत्यायोजन गर्ने ।

१४. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडमा समीट लघुवित्त वित्तीय संस्था लिमिटेड गाभिए पश्चात् नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न निर्देशन दिएमा सो समेतलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१५. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि हुने हुँदा सो बमोजिम हुने गरी वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, हेरफेर गर्न र उपयुक्त व्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१६. नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् वित्तीय संस्थाको कायम हुने शेयर स्वामित्वमा सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपात न्यूनतम ३० प्रतिशत भन्दा कम हुने हुँदा सम्बन्धित नियामक निकायको स्वीकृति लिई कम भए बराबरको शेयर संख्यालाई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र सोही बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

ग. **विविध**

**शेयर दाखिल खारेज (Book Close) सम्बन्धमा :**

साधारण सभा प्रयोजनका लागि मिति २०८०/०२/२२ गतेदेखि साधारण सभा सम्पन्न नहुञ्जेलसम्मका लागि शेयर दाखिल खारेज किताब वन्द रहनेछ । नेपाल स्टक एक्सचेन्जमा मिति २०८०/०२/२१ गतेसम्म कारोबार भई ७ कार्य दिनभित्र नियम अनुसार यस संस्थाको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयर दर्ता किताबमा भएका शेयरधनीहरुले मात्र सभामा भाग लिन तथा वोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

बोधार्थ :

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं
४. श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाण्डौं

भवदीय,

देवेन्द्र वहादुर वस्नेत
(प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव)